# अन्तर्राष्ट्रिय फौजदारी अदालत अनुमोदन गर्न आग्रह

कान्तिपुर संवाददाता

काठमाडौं, १७ असार- मानव अधिकारकर्मीहरूले दण्डहीनताको संस्कृतिबाट मुलुकलाई मुक्त गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई अनुमोदन गर्न आग्रह गरेका छन्।

अन्तर्राष्ट्रिय कानुन दिवस तथा अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापनाको प्रथम वार्षिकोत्सवका उपलक्ष्यमा आयोजित छलफल कार्यक्रममा उनीहरूले मानव अधिकारको बिग्रँदो स्थितिप्रति चिन्तासमेत व्यक्त गरे।

'युद्धविरामपछि पनि सरकार र माओवादी दुवैतर्फबाट व्यापकरूपमा मानवअधिकार उल्लंघन भइरहेको छ', अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष सुबोध प्याकुरेलले भन्नुभयो। मुलुकका विविध क्षेत्रमा कानुनी शून्यता छाएको धारणा व्यक्त गर्दै भइरहेका कानुनको समेत पालना नभएको उहाँले बताउनुभयो। इन्सेक अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी गठबन्धनको राष्ट्रिय संयोजक रहेको छ।

माओवादीका अध्यक्ष प्रचण्डले जबर्जस्ती कसैसँग पनि चन्दा नउठाइने भन्ने निर्देशन विपरीत काम भइरहेकोप्रति प्याकुरेलले गम्भीर चासो व्यक्त गर्नुभयो। 'सरकार र माओवादीबीच सहमति भएको आचारसंहिता पालना नभएका कारणले पनि कानुनहीनताको स्थिति देशमा बढ्दै गएको उहाँले बताउनुभयो।

मानवता, युद्ध अपराध, आम हत्या र हस्तक्षेपका अपराधमा कसैलाई पनि उन्मुक्ति नहोओस् भन्ने उद्देश्यले स्थापना भएको यस अदालतलाई अहिलेसम्म ९० देशले अनुमोदन गरिसकेका छन्।

कानुन व्यवसायी हरि फुयालले यस अदालतको स्थापना अन्तर्राष्ट्रिय मानवीय कानुनको पालनाका लागि भएको बताउनुभयो। 'परम्परागत रूपमा कानुनले पीडकलाई दण्ड दिने कुरा गरेको छ, यस अदालतको जोड पीडितलाई क्षतिपूर्ति गर्ने र पुनर्स्थापना गर्ने पक्षमा छ। अन्तर्राष्ट्रिय मानवतावादी कानुनको गम्भीरतापूर्वक कार्यान्वयन अहिलेको आवश्यकता हो', उहाँले भन्नुभयो।

फौजदारी अदालतलाई अनुमोदन गर्नुको सट्टा नेपालले अमेरिकीहरूलाई दण्डबाट उन्मुक्ति दिने गरी एक वर्षअघि भएको सम्झौताप्रति सबैजस्तो विशेषज्ञले असन्तुष्टि प्रकट गरे। 'धारा ९८' का रूपमा उक्त प्रावधान लागू भएपछि अमेरिकी नागरिकलाई हस्ताक्षर गर्ने मुलुकमा कानुनी उन्मुक्ति प्राप्त हुन्छ।

'यो धेरै गम्भीर सम्झौता हो, यसले नेपालको सार्वभौमसत्तामा गम्भीर प्रश्नचिह्न खडा गरेको छ', प्याकुरेलले भन्नुभयो।

अन्तर्राष्ट्रिय फौजदारी अदालत विशेषज्ञ डा. आनन्दमोहन भट्टराईले अन्तर्राष्ट्रिय कानुन क्षेत्रमा आएको विकासक्रमबाट कुनै पनि मुलुक अछुतो नरहने धारणा व्यक्त गर्नुभयो। 'हामीले अन्तर्राष्ट्रिय फौजदारी अदालतले अंगीकार गरेको नयाँ मान्यतालाई स्वीकार नगरी सुखै छैन।

हामीले आन्तरिक कानुनलाई फौजदारी अदालत कानुनअनुरूप नै बनाउन आवश्यक छ', उहाँले भन्नुभयो।

अन्तर्राष्ट्रिय मान्यताप्राप्त २० मानवीय कानुनमा देशले हस्ताक्षर गरिसकेका भए पनि मानवअधिकार स्थिति चिन्ताजनक अवस्थामा छ।

'फौजदारी अदालतको स्थापनाका सम्बन्धमा सरकारलाई दबाब दिन र यसका पक्षमा चेतना जागृत गर्न राष्ट्रव्यापी हस्ताक्षर अभियानको आवश्यकता छ', एम्नेष्टी इन्टरनेशनलअन्तर्गत कानुन व्यवसायी समूहका सचिव चन्द्रकान्त ज्ञवालीले भन्नुभयो।

कान्तिपुर २०६०/०३/१२